नेपाल सरकार
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
वैदेशिक रोजगार विभाग
# ई.पि.एस.कोरिया शाखा
ग्वार्को, ललितपुर ।

मितिः २०८०।११।०२

## कोरियन भाषा परीक्षा (Manufacturing, EPS TOPIK, 2023) संचालन सम्वन्धी अत्यन्त जरुरी सूचना !!

सन् २०२३ को Manufacturing क्षेत्र तर्फको कोरियन भाषा परीक्षा (EPS-TOPIK, 2023) यहि मिति २०८०।११।७ गते तदनुसार 19 February, 2024 वाट संचालन हुने हुँदा संलग्न तालिकामा उल्लेखित परीक्षार्थीहरुको उल्लेखित Application No (Registration Number) को आधारमा निर्धारित मिति, समयमा र सिफ्टमा परीक्षा संचालन हुने र परीक्षाको दिन Bio-Metric को लागि दुई घण्टा अगावै परीक्षा केन्द्रमा उपस्थित हुनु पर्नेछ। निर्धारित मिति, समय र सिफ्टमा आवश्यक कागजात (सक्कल राहदानी र प्रवेश पत्र) सहित उपस्थित हुन नसकेमा निजलाई कुनै पनि अवस्थामा परीक्षामा समावेश गराइने छैन।

परीक्षामा सहभागी हुने सम्पुर्ण परीक्षार्थीहरुको लागि तपसिलमा उल्लेखित जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

<u>तपसिलः</u>

- परीक्षा संचालन मितिः २०८०।११।७ गते तदनुसार 19 February, 2024 देखि शुरु (आफ्नो परीक्षाको दिन Register No. अनुसार संलग्न तालिकामा हेर्नु हुन अनुरोध छ।)
- परीक्षा संचालन हुने स्थानः राष्ट्रिय व्यवसायिक प्रशिक्षण प्रतिष्ठान, भैसेपाटीको प्राङ्गणमा रहेको UBT Building, ललितपुर।
- Mobile Phone, Electric Dictionary, Smart Watch लगायतका अन्य कुनै पनि विद्युतीय संचारका साधनहरु परीक्षा हल भित्र पूर्णतः निषेध गरिएको छ।
- परीक्षामा चिट, कपि गरेको तथा अन्य अवाञ्छित गतिविधि गरेको भेटिएमा परीक्षा रद्द गरी चार वर्ष सम्मका लागि परीक्षामा समावेश हुन निषेध गरिनेछ।
- तोकिएको परीक्षा समय भन्दा १ घण्टा अगावै परीक्षा हलमा Orientation शुरु हुनेछ। Orientation मा Bio-Metric Verification गरी उपस्थित हुनु पर्ने छ। निर्धारित समयमा उपस्थित नभएमा परीक्षामा सहभागि गराइने छैन।
- परीक्षा संचालन मिति भन्दा १ दिन अगावै आफनो सिफ्ट अनुसार ई.पि.एस. कार्यालय, ग्वार्कोमा Bio-Metric Register (Finger Print दर्ता) को लागि उपस्थित हुनु पर्ने छ र परीक्षाको दिन सो Bio-Metric परीक्षा केन्द्र (UBT Building), भैसेपाटीमा Verify हुनेछ।

२०८०/११/०२